# बीमा समिति

## (नेपालको बीमा नियमनकारी निकाय)

### कुपण्डोल, ललितपुर

## बीमा सम्बन्धमा विद्यालय तथा विश्वविद्यालयस्तरीय निवन्ध प्रतियोगिता बारेको सूचना

(सूचना प्रकाशित मिति : २०७८/०८/१६)

बीमा समितिले देशमा बीमा क्षेत्रको समग्र विकास एवम् विस्तारका साथै बीमा सम्बन्धी जनचेतना अभिवृद्धिका लागि विभिन्न कार्यक्रमहरू संचालन गर्दै आइरहेको छ। यसै सन्दर्भमा चालू आर्थिक वर्ष २०७८/०७९ मा **'बीमाको महत्व'** शीर्षकमा विद्यालयस्तरीय र **'जोखिम व्यवस्थापनमा बीमाको भूमिका'** शीर्षकमा विश्वविद्यालयस्तरीय निवन्ध प्रतियोगिता गर्न लागिएको छ। निवन्ध प्रतियोगितामा सहभागी हुन चाहने विद्यालय तथा विश्वविद्यालयका विद्यार्थीहरूले यो सूचना प्रकाशित भएको मितिले **तीन महिना**भित्र तपशील बमोजिमका शर्त बमोजिम निवन्ध लेखी समितिमा उपलब्ध गराउनुपर्ने छ :

**तपशील:**

(१)विद्यालयस्तरीय निवन्ध प्रतियोगिताका लागि कक्षा ५ देखि कक्षा १२ मा अध्ययनरत तथा कक्षा १२ को परीक्षा दिई नतिजा पर्खिरहेका विद्यार्थीहरूले **"बीमाको महत्व"** शीर्षकमा कम्तीमा २,००० (दुई हजार) शब्दको निवन्ध लेखी समितिलाई उपलब्ध गराउनुपर्ने छ।

(२)विश्वविद्यालयस्तरीय निवन्ध प्रतियोगिताका लागि कक्षा १२ भन्दा माथिल्लो कक्षामा अध्ययनरत तथा परीक्षा दिई नतिजा पर्खिरहेका विद्यार्थीहरूले **"जोखिम व्यवस्थापनमा बीमाको भुमिका"** शीर्षकमा कम्तीमा ३,००० (तीन हजार) शब्दको निवन्ध लेखी समितिमा उपलब्ध गराउनुपर्ने छ।

(३)विद्यालयस्तरीय निवन्ध प्रतियोगितामा सहभागी भई प्रथम, द्वितीय र तृतीय स्थान हासिल गर्ने विद्यार्थीहरूलाई क्रमशः रू २०,०००, रू १२,००० ।- र रू ७,०००।- नगद पुरस्कार तथा प्रमाणपत्र प्रदान गरिने छ।

(४)विश्वविद्यालयस्तरीय निवन्ध प्रतियोगितामा सहभागी भई प्रथम, द्वितीय र तृतीय स्थान हासिल गर्ने विद्यार्थीहरूलाई क्रमशः रू २५,०००।-, रू १५,००० ।- र रू १०,०००।- नगद पुरस्कार तथा प्रमाणपत्र प्रदान गरिने छ।

प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय स्थान हासिल गर्ने विद्यार्थीहरूका निवन्धहरू यस समितिबाट प्रकाशन हुने पत्रिकामा प्रकाशन गरिनेछ।

निवन्ध प्रतियोगिताका बारेमा थप जानकारी आवश्यक भएमा समितिका निम्न कर्मचारीहरूलाई फोन गरी जानकारी लिन सकिने छ :

| नाम | मोबाइल नं. |
|---|---|
| (१) ध्रुव तिमिल्सिना | ९८५१०५८३८५ |
| (२) केदारनाथ भट्ट | ९८४११५२७४७ |
| (३) जमुना अर्याल (आचार्य) | ९८४१२६४८८८ |
| (४) गोविन्द चिमौरिया | ९८४१३२२७५१ |

निबन्ध प्रतियोगितामा सहभागी हुन चाहने विद्यार्थीहरूले बीमा समितिको कार्यालयमा स्वयम् उपस्थित भई वा निम्न इमेल ठेगानाहरूमा विद्युतीय माध्यमबाट आफूले लेखेका निबन्धहरू पठाउन सक्ने व्यवस्था गरिएको छ।

**इमेल :** info@nib.gov.np, pujan.dhungel@nib.gov.np, dhruba.timilsina@nib.gov.np, chimouriag@gmail.com

**सम्पर्क ठेगाना:**
**बीमा समिति**
**(नेपालको बीमा नियमनकारी निकाय)**
कुपण्डोल, ललितपुर।
फोन नं. ५४२१०७९, ५४३८७४३
फ्याक्स नं. ५५२०११९
टोल फ्री नं. १६६०-०१-५६७८९
वेभसाइट:www.nib.gov.np